# हलेसी तुवाचुङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

visit Nepal 2020

प.स. ०७६।७७
च.नं. ९२९

दुर्छिम, खोटाङ
१ प्रदेश, नेपाल


## सवारी साधन (स्काभेटर) भाडामा लिने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०९/२५ गते

नगर कार्यपालिकाको २०७६/०५/१० गतेको निर्णयानुसार यस कार्यालयलाई आ.व. २०७६/७७ को आषाढ मसान्तसम्मका लागि हेभी इक्युपमेन्ट थान - १( घटीमा ३० दिनको) दैनिक न्युनतम ८ घण्टा चलाउने गरी भाडामा लिनको लागि यस अघि यस कार्यालयबाट मिति २०७६/०८/२९ गते सूचना प्रकाशित भई सूचीकृत भई विपदमा यस नगरपालिकालाई निःशुल्क सहयोग गर्ने हेभी इक्युपमेन्ट बाट निम्न शर्तहरुको अधीनमा रही रितपुर्वक कागजातहरु सहित इच्छुक फर्म, कम्पनी तथा सवारी धनीहरुलाई मिति २०७६/०९/२७ गते दिनको २ बजे यस कार्यालयमा उपस्थित भई घटाघट प्रक्रियामा सामेल हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. Excavator,PC 120-6 upto 200 वा सो सरहको प्रति घन्टा रू अधिकतम कबोल अंक रु.५,५००।-
२. Breaker + Excavator को नगरपालिकाले स्वीकृत गरेको दररेटको आधारमा आपसी समझदारीमा निर्धारण गरिनेछ।
३. प्रति घण्टा नगरपालिकाको स्वीकृत नर्म्स अनुसार
४. घटाघट प्रक्रियामा विपदमा यस नगरपालिकालाई सहयोग गर्ने मेसिनलाई मात्र सहभागी गराईनेछ।
५. वडा कार्यालयबाट विपदको समयमा यस नगरपालिकालाई के कति घण्टा सहयोग गरेको सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ।
६. मेसिन भाडामा उपलब्ध गराउँदा अपरेटरको तलब, भत्ता, खाना, खाजा, तथा अन्य खर्च मेसिन धनीले नै व्यहोर्नु पर्नेछ।
७. निर्माण कार्यको क्रममा उक्त मेसिनमा लाग्ने ईन्धन, ग्रीज, मोबिल, हाईड्रोलिक आयत, मर्मत आदी खर्चहरु र भवितव्य टुटफुट भएमा मेसिन धनीले नै व्यहोर्नु पर्नेछ।
८. ईन्धनको मूल्य हालको भन्दा अस्वभाविक रूपमा बढ्न गएमा आपसी समझदारीमा मूल्य समायोजन गरिनेछ।
९. सावरी साधन संचालन गर्दा कार्यालयले अन्य थप सुविधाहरु उपलब्ध गराईने छैन। अन्य कुराहरु करारमा उल्लेख भए अनुसार हुनेछ।
१०. चालकले सावरी चालक अनुमति सहित कम्तीमा ५ वर्ष काम गरेको अनुभवको प्रमाण पेश गर्नु पर्नेछ।
११. यस नगरपालिकाबाट तोकिएको स्थानमा निर्माण कार्य गर्नु पर्नेछ।
१२. घटाघट प्रक्रियाबाट निर्धारण भएको दररेटमा विपदमा सहयोग गरी सूचिकृत भएका अन्य मेसिनहरुलाई मात्र वडा कार्यालयमा समन्वय गरी निर्माण कार्यमा प्रयोग गरिने छन्।
१३. प्राविधिक मुल्यांकन बमोजिम माथिल्लो क्षमता भएका मेसिनहरुलाई प्राथमिकता दिईनेछ।
१४. माथि उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन कानुन बमोजिम तथा आपसी छलफलबाट निर्णय लिईनेछ।

२०७६।९।२५